साल्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

गाउँकार्यपालिका बैठक संख्या १२/०८१।८२

आज मिति २०८२ असार ०७ गतेका दिन विहान ८:०० बजे गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ ज्यूको अध्यक्षतामा देहाय बमोजिम उपस्थितीमा कार्यपालिका बैठक सम्पन्न भयो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुलुङ | अध्यक्ष | |
| २ | श्री अस्मिता कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री शिवकुमार राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री सुरज राई | कार्यपालिका सदस्य | |
| १० | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | |
| ११ | श्री निमदिकी शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १३ | श्री कलावती राई | कार्यपालिका सदस्य | |
| १४ | श्री उर्मिला विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री बुनु राई | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिकुमार श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर माइनेट लेखन | |
| २ | विकल राई | पोडीदार | विकल. |

# अनुसुची -१

**प्रस्तावको ढाँचा**

(बुंदा ५.२ संग सम्बन्धित)

**साल्पासिलिछो गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भोजपुर, कोशी प्रदेश, नेपाल**

**विषयः बैठकमा प्रश्ताव पेश गरिएको सम्बन्धमा ।**

**प्रश्ताव पेश गर्न अध्यक्षबाट स्वीकृती प्राप्त मिति २०८२।०३।०७**

प्रस्ताव नं १, याक्सा नागदह मोटरएवल पुलको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं २, पाँच शैयाको गाउँपालिका आधारभूत अस्पतालको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं ३, प्राविधिक सहयोगमा काजमा खटिइएका लेखा कर्मचारीको प्रोत्साहन सम्बन्धमा ।

प्रस्ताव नं ४, सूचना प्रविधि अधिकृतको तह मिलान र तलब स्रोत भर्ना सम्बन्धमा ।

प्रस्ताव नं ५, सामुदायिक स्वास्थ्य इकाई ओसेप्ला र च्याक्सिलामा कार्यरत सहयोगी कर्मचारीको सेवा सुविधा सम्बन्धमा।

प्रस्ताव नं ६, तलब भत्ता रोकीएको सेवा करारका कर्मचारीको निरन्तरता सम्बन्धमा ।

प्रस्ताव नं ७, फर्निचर र फिक्चर्सको बाँकी रकम सम्बन्धमा ।

प्रस्ताव नं ८, आ.व. २०८१/०८२ विभिन्न योजनाको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ९, कर्मचारी पुरस्कार सम्बन्धमा ।

प्रस्ताव नं १०, एम्बुलेन्स चालकको नियुक्ती सेवा सुविधा तथा भाडादर निर्धारणा सम्बन्धमा ।

प्रस्ताव नं ११, लोकल रक्सीलाई ब्राण्डिङ गर्ने सम्बन्धमा ।

प्रस्ताव नं १२, मनोसामाजिक परामर्ष नियुक्ती तथा सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं १३, आ.व. २०८२/०८३ गाउँसभा सम्बन्धमा ।

प्रस्ताव नं १४, विविध सम्बन्धमा ।

## निर्णयहरु:

### निर्णय नम्बर १ (एक)

प्रस्ताव नम्बर १, माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको वडा नं. ४ खाटाम्मा र षडानन्द नगरपालिका वडा नं. २ जोड्ने याक्शा नागदह मोटरएवल पुल निर्माणका लागि गाउँपालिका कार्यालय र BIKASH & BROTHERS/AATREYA/SARAS J.V. सँग भएको निर्माण सम्झौता बमेजिम म्याद थप लगायतका विषयमा छलफल गर्न सम्बन्धीत पक्षलाई गाउँपालिका कार्यालयमा उपस्थित गराउँन पत्रचार गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर २ (दुई)

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा यस गाउँपालिकाको निर्माणाधिन ५ शैयाको गाउँपालिका आधारभूत अस्पतालको निर्माणको कार्य प्रगति सम्झौता बमोजिम नभएको हुनाले निर्माण कम्पनी Shanti/Om Buddha/Machindr J.V. लाई गाउँपालिका कार्यालयमा उपस्थित गराउँनका लागि पत्रचार गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर ३ (तीन)

प्रस्ताव नं. ३ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको लेखापाल केशव सापकोटा सरुवा भई जानु भएको र लेखा शाखामा काम गर्ने कर्मचारी सरुवा भई यस कार्यालयमा नआएको हुनाले हाललाई गाउँपालिकाको शिक्षा शाखामा कार्यरत प्रशासन तर्फका सहायक पाँचौ श्री हरिलाल भुसालबाट लेखाको कार्यसम्पादन हुने र उक्त काममा प्राविधिक सहयोग गर्नका लागि पौवादुम्बा गाउँपालिकाबाट आलेप अधिकृत छैटौं तहका श्री राम लिहाङ राई काजमा खटिई आउनु भएको हुनाले नीजलाई गाउँपालिकाको तर्फबाट काज फिर्ता नभएसम्मका लागि खाईपाई आएको तलबको १०० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउँने निर्णय गरियो ।

### निर्णय नम्बर ४ (चार)

प्रस्ताव नं. ४ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृत पदमा कार्ररत कर्मचारी हाल छैटौं तह रहेकोमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) कार्यक्रम समन्वय इकाईको मिति २०८२/०३/०३ को परिपत्र अनुसार कार्यक्रम समन्वय इकाईबाट आ.ब. २०८१/०८२ को २०८१ माघ महिनादेखी २०८२ असार मसान्त सम्मका तलब स्रोत माग गर्नु भनि जानकारी प्राप्त भएको हुनाले सोही अनुसार तलब माग गरी प्रदेश कार्यक्रम सहयोग इकाईमा लेखी पठाउने निर्णय गरियो ।

यसैगरी प्रदेश सरकार तथा स्थानीय सरकारको संगठनात्मक व्यवस्थापन सर्भे अनुसार सुचना प्रविधि अधिकृत साँतौ तह रहने व्यवस्था रहेको हुनाले (PLGSP) कार्यक्रम कार्यन्वयन इकाईसँग समन्वय गरि तह मिलानको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

गाउँपालिकाको सुचना प्रविधि अधिकृत पदका कार्यरत कर्मचारीको लागि आवश्यक पर्ने तलब भत्ता गाउँपालिकाको तर्फबाट २५ प्रतिशत र (PLGSP) को तर्फबाट ७५ प्रतिशत रकम प्राप्त हुने भएको हुनाले (PLGSP) बाट भुक्तानी हुने १ आ.ब. मा दुई पटक मात्र भुक्तानी हुने भएको र गाउँपालिकाबाट मासिक रुपमा कर्मचारीको तलब भुक्तानी हुने भएकाले (PLGSP) बाट पालिकामा आउने स्रोत प्राप्त नभएसम्मका लागि गाउँपालिकाबाट नै सम्पुर्ण तलब भत्ताको वैकल्पिक व्यवस्था गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ५ (पाँच)

प्रस्ताव नं. ५ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको मातहतमा रहेको सामुदायिक स्वास्थ्य इकाई ओसेप्ला साल्पासिलिछो गा.पा. ६ ओसेप्ला र सामुदायिक स्वास्थ्य इकाई च्याक्सिला साल्पासिलिछो गा.पा. ५ च्याक्सिलामा कार्यरत कार्यालय सहयोगीले नियुक्ती भएको मिति देखी हालसम्म सेवा सुविधा नपाएको हुनाले कार्यालय सहयोगीमा कार्यरत कर्मचारीहरुलाई तोकिए बमोजिम सेवा सुविधा उपलब्ध गराउँने निर्णय गरियो ।

## निर्णय नम्बर ६ (छ)

प्रस्ताव नं. ६ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीहरु तथा विभिन्न कार्यक्रमका लागि नियुक्ती भएका कर्मचारीहरुको आ.ब. २०८२/०८३ का लागि म्याद थप गर्ने निर्णय गरियो । साथै विभिन्न कार्यक्रमबाट तलब भत्ता खाइईपाइई आएकोमा आ.ब. २०८२/०८३ को लागि तलब भत्ता बापतको रकम प्राप्त नभएको हुनाले गाउँपालिकाबाट तलब भत्ता व्यहोर्ने गरी सेवा करारलाई निरन्तरता दिने निर्णय गरियो ।

**तपशीलः विभिन्न कार्यक्रमबाट तलब भत्ता प्राप्त नभएका कर्मचारीः**

| क्र.सं. | कर्मचारीको नाम | पद | तलव तथा सेवा सुविधा व्यहोर्ने कार्यक्रम | म्याद थपको प्रकार |
|---|---|---|---|---|
| १ | मनोज श्रेष्ठ | कृषि स्नातक | संघ सरकार | १ महिनाको तलव भत्ता व्यहोर्ने सेवा करार निरन्तरता |
| २ | जगदीश रोकाहा | रोजगार प्राविधिक | प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट तलव भत्ता प्राप्त नभएको | O&M बमोजिम सब ईन्जिनयर मा निरन्तरता दिने गापा तलव भत्ता व्यहोर्ने (लोकसेवाबाट कर्मचारी पदपुर्ती नआएसम्का लागि) |
| ३ | लिहाङ नाछिरिङ राई | रोजगार सहायक | प्रधानमन्त्रि रोजगार कार्यकर्मबाट तलव भत्ता प्राप्त नभएको | लोक सेवाबाट पदपुर्ती नभएसम्मका लागि O&M बमोजिम आवस्यक पदमा सेवा करार निरन्तरता दिई गापा तलव भत्ता व्यहोर्ने |
| ४ | टिकाराम थापा | पशु प्राविधिक | एक गाउँ एक प्राविधिक बाट रकम नआएको | लोक सेवाबाट कर्मचारी पदपुतर्ती नभएसम्म पशु प्राविधिकमा कानुनी प्रावधान अनुसार निरन्तरताको लागि आवश्यक प्रक्रिया अपनाइनेछ । |

| | | | | |
|---|---|---|---|---|
| ५ | मिना बस्नेत | कृषि प्राविधिक | एक गाउँ एक प्राविधिक बाट रकम नआएको | लोक सेवाबाट कर्मचारी पदपुर्ती नभएसम्म कृषि प्राविधिकमा कानुनी प्रावधान अनुसार निरन्तरताको लागि आवश्यक प्रक्रिया अपनाइनेछ । |
| ६ | किशोर कुमार खत्री | फिल्ड सहायक | राष्ट्रीय पञ्जीकरण विभाग बाट रकम प्राप्त नभएको । | सम्बन्धीत पदमा निरन्तरता दिइ गापा बाट तलव भत्ता व्यहोर्ने । |
| विद्यामान कानुनी प्रावधान अनुसार विज्ञापन गर्ने गरी आवश्यक प्रक्रिया सुरु गरिनेछ । | | | | |

## निर्णय नम्बर ७ (सात)

प्रस्ताव नं. ७ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालयको फर्निचर फिक्चर्सका लागि आ.व. २०८१/०८२ मा विनियोजन भएको रकमबाट गाउँपालिका प्रशासनिक भवनमा फर्निचर व्यवस्थापनका लागि खर्च भई बाँकी रहेको रकमलाई गाउँपालिका कार्यालय व्यवस्थापनका लागि खर्च गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर ८ (आठ)

प्रस्ताव नं. ८ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.व. २०८१/०८२ मा विनियोजन भएका कार्यक्रम तथा योजना सम्पन्न भई हालसम्म भुक्तानी भएका खर्चलाई समर्थन गरी आ.व. २०८१/०८२ को हिउँदे अधिवेशनबाट विनियोजन भएको कार्यक्रम तथा योजनाका भुक्तानी दिदा आ.व. २०८०/०८१ को गाउँसभाबाट विनियोजन भएको योजना तथा कार्यक्रमको भुक्तानीलाई प्राथमिकता दिई भुक्तानी दिने निर्णय गरियो ।

साथै गाउँपालिका कार्यालयको अनुमतिमा विभिन्न समयमा काम भई भुक्तनी हुन बाँकी रहेको भनि केही निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट माग भई आएको हुनाले सो सम्बन्धी आवश्यक छलफल गरि आगामी कार्यपालिकामा पेश गर्न गाउँपालिका उपाध्यक्ष अस्मिता कुलुङ राईको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

तपशील:

१. श्री अस्मिता कुलुङ राई गाउँपालिका उपाध्यक्ष -संयोजक
२. श्री बिकम बन सन्यासी वडाध्यक्ष वडा नम्बर ६ -सदस्य
३. श्री गणेश खत्री वडाध्यक्ष वडा नं. २ -सदस्य
४. श्री नरेन्द्र घले सब ईन्जिनियर -सदस्य सचिव

## निर्णय नम्बर ९ (नौ)

प्रस्ताव नं. ९ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयका कार्यरत देहायका कर्मचारीलाई आ.ब. २०८१/०८२ को गाउँसभामा पुरस्कृत गर्ने निर्णय गरियो ।

तपशीलः

१. श्री सरिता राई – रोजगार संयोजक
२. श्री मणिकुमार श्रेष्ठ – सहायक कम्प्युटर अपरेटर
३. श्री नरेन्द्र घले - सब ईन्जिनिर

## निर्णय नम्बर १० (दश)

प्रस्ताव नं. १० माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यलयमा एम्वुलेन्स प्राप्त भइसकेको हुनाले गाउँपालिकाबाट एम्वुलेन्स चालक र हलुका सवारी चालक नियुक्तीका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

## निर्णय नम्बर ११ (एघार)

प्रस्ताव नं. ११ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यलयको तर्फबाट लोकल रक्सीलाई ब्राण्डिङ गर्नका लागि आबश्यक पहल गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १२ (बाह्र)

प्रस्ताव नं. १२ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिका कार्यलयमा मनोसामाजिक परामर्षको लागि गाउँपालिकाबाट आ.ब. २०८२/०८३ मा मनोसामाजिक परामर्ष सेवा सुविधा मापदण्ड बमोजिम ५० प्रतिशत रकम गाउँपालिकाबाट साझेदारी गर्ने निर्णय गरियो ।

## निर्णय नम्बर १३ (तेह्र)

प्रस्ताव नं. १३ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको आ.ब. २०८२/०८३ को बजेट अधिवेशन तथा साह्रौं गाउसभा देहायको मितिमा गर्ने गरी कार्यातालिका सार्वजनिक गर्ने निर्णय गरियो ।

गाउँसभाको कार्यतालिकाः

| क्र.सं. | विवरण | मिति | जिम्मेवारी |
|---|---|---|---|
| १ | वडा सभा/वडा बजेट तयारी | २०८२/०३/०८ | सम्बन्धी वडाको वडाध्यक्ष र वडा सचिव |
| २ | वडा स्तरीय योजना गाउँपालिकामा पेश | २०८२/०३/०९ | गाउँपालिका योजना शाखा |
| ३ | बिषयगत समितिको बैठक | २०८२/०३/०९ | सम्बन्धीत बिषगत शाखा |
| ४ | बिषयगत समितिबाट योजना तथा कार्यक्रम स्वीकृत गरी बजेट तथा योजना तर्जुमा समितिमा पेश | २०८२/०३/०९ | योजना तर्जुमा समितिका संयोजक तथा योजना शाखा |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक | २०८२/०३/०९ | बजेट तथा योजना शाखा प्रमुख प्रशासकीय अधिकृत |